बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय

फोन : + ९७७ ०१ ५४५७०००
काठमाडौं उपत्यका
(सानेपा, ललितपुर), नेपाल

पत्र संख्या: २०८३/०८४
चलानी नं.: ४५४

मितिः २०८३।०४।२२

<u>विषयः निर्देशन सम्बन्धमा।</u>

श्री सरोकारवाला सबै।

प्रस्तुत विषयमा बागमती प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारी संघ/संस्थाहरूमा सुशासन प्रबर्द्धन गर्न आवश्यक देखिएकोले प्रदेश सहकारी ऐन, २०७६ को दफा २०, दफा २२ को खण्ड (छ) र दफा ७५ को उपदफा (३) एवम् प्रदेश सहकारी नियमावली, २०७६ को नियम १८ को उपनियम (२) तथा नियम २८ को उपनियम (१) को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी यस कार्यालयले **"बागमती प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन- २०८३"** सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

04/22

....
(प्रदिप राज पौडेल)
रजिष्ट्रार

प्रदिप राज पौडेल
रजिष्ट्रार

वेबसाईटः www.cor.bagamati.gov.np
इमेलः registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय

फोन : + ९७७ ०१ ५४५७०००
काठमाडौं उपत्यका
(सानेपा, ललितपुर), नेपाल

पत्र संख्याः २०   /
चलानी नं.:

बागमती प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन-२०८३

प्रकाशन मितिः वि.सं. २०८३/०४/२२

प्रदेश सहकारी ऐन, २०७६ को दफा २०, दफा २२ को खण्ड (छ) र दफा ७५ को उपदफा (३) एवं प्रदेश सहकारी नियमावली, २०७६ को नियम १८ को उपनियम (२) तथा नियम २८ को उपनियम (१) को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले यो निर्देशन जारी गरेको छ।

क. पूर्व-स्वीकृती सम्बन्धी व्यवस्थाः

१. विनियम संशोधन, सेवा केन्द्र बन्द, कार्यालय स्थानान्तरण, सहकारी एकीकरण, रजिष्ट्रेशन छुट गरी खरिद गरिएको सम्पत्ति बिक्री तथा रजिष्ट्रेशन छुट सहितको जग्गा/भवन खरिद बिक्री, ठूलो लगानी तथा परियोजना संचालन, सहकारीको हालको सफ्टवेयर परिवर्तन, नयाँ सेवा सञ्चालन गर्ने लगायतका कार्यहरूको लागि सञ्चालक समितिको निर्णय सहित साधारण सभा हुनुपूर्व रजिष्ट्रार कार्यालयबाट स्वीकृति लिनुपर्ने र पूर्व स्वीकृति पश्चात आउँदो साधारण सभाको निर्णयबाट अनिवार्य पारित गर्नुपर्नेछ।

२. सहकारी एकीकरण सम्बन्धमा पूर्व सहमति अनिवार्य लिनुपर्ने तथा सहकारी संघ/संस्थाहरूको एकीकरण सम्बन्धी कार्यविधि-२०८२ पूर्णरूपमा परिपालना भएको हुनुपर्ने साथै एकीकृत संस्थाको अन्तिम वासलात समेत चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित गरी सिफारिस सहितको प्रतिवेदन तयार गरी संयुक्त साधारण सभाबाट अनुमोदन गरेको हुनुपर्ने र एकीकरण हुने सहकारी संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट दर्ता इजाजत प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

३. सहकारी संघ/संस्थाले आफ्नो कार्यालय ठाउँसारी/स्थानान्तरण गर्नुपर्दा आफ्नो विनियममा उल्लेख भएको कार्यक्षेत्रभित्र पर्ने सञ्चालक समितिको निर्णय र सम्बन्धित स्थानीय तहबाट सहमति सहितको सिफारिस लिई रजिष्ट्रारबाट अनिवार्य पूर्व स्वीकृती लिई साधारण सभाबाट निर्णय गराई कार्यालय स्थानान्तरणको स्वीकृतिको लागि पेश गर्नुपर्नेछ। रजिष्ट्रारबाट स्वीकृति प्राप्त भए पश्चात उपयुक्त सञ्चार माध्यम (राष्ट्रिय दैनिक पत्रिका, सामाजिक सञ्जाल, Bulk SMS

वेबसाईटः www.cor.bagamati.gov.np
इमेलः registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com

लगायत) को प्रयोग गरी आफ्ना शेयर सदस्यहरूलाई जानकारी गराई कार्यालय स्थानान्तरण गर्नुपर्नेछ।

४. पूर्व स्वीकृति सम्बन्धी कार्य सम्भव भएसम्म अनलाइन प्रणाली/इमेल मार्फत कार्यालयले उपलब्ध गराउने हुँदा सोहि अनुसार कागजात आधिकारिक निर्णय सहित प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा प्रमाणित गरी पठाउनुपर्नेछ।

ख. लेखापरीक्षण तथा साधारण सभा सम्बन्धी व्यवस्था

५. बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ को दफा ६१ बमोजिम संघ/संस्थाहरूले अनिवार्य रूपमा २०८३ आश्विन मसान्त (**आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना**) भित्र इजाजत प्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण सम्पन्न गर्नुपर्नेछ। तोकिएको अवधिभित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण इजाजत प्राप्त लेखापरीक्षकद्वारा गराउन सक्नेछ र सो बापतको पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले बेहोर्नुपर्नेछ।

६. सहकारी संघ/संस्थाहरूले ऐनको दफा ६२ बमोजिम वार्षिक साधारण सभाको निर्णयबाट अन्तिम लेखापरीक्षणका लागि लेखापरीक्षकको नाम र पारिश्रमिक समेत निर्धारण गरी दुई (२) जनासम्म वैकल्पिक लेखापरीक्षकको समेत नियुक्ति गरी सात (७) दिनभित्र सो को विवरण सहितको जानकारी रजिष्ट्रारलाई पठाउनुपर्नेछ। लेखा परीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ। लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार (३) तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

७. वैकल्पिक लेखापरीक्षकबाट समेत लेखा परीक्षण हुन नसक्ने अवस्था भएमा सो को जानकारी रजिष्ट्रारलाई दिई ऐनको दफा ६३ को उपदफा (५) बमोजिम गर्न पूर्व स्वीकृती लिई अर्को लेखा परीक्षक नियुक्ति गर्नुपर्नेछ र आगामी साधारण सभाबाट अनुमोदन गराउने र सो को जानकारी रजिष्ट्रारलाई अनिवार्य रूपमा गराउनुपर्नेछ। लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, आन्तरिक र बाह्य लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरू संस्थाले कार्यान्वयन गर्नु/गराउनु पर्नेछ।

प्रविण राज पौडेल
रजिष्ट्रार

८. लेखापरीक्षण प्रतिवेदन नेपाल लेखामान बोर्डले निर्धारण गरेको प्रचलित कानून बमोजिमको ढाँचा(NFRS/SME) मा र अनिवार्य रूपमा नेपाली भाषामा तयार गरी साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ साथै सञ्चालक समितिका सबै सदस्यहरू तथा व्यवस्थापकले समेत अनिवार्य हस्ताक्षर गरेको हुनुपर्नेछ।

९. साधारण सभाको बैठक बस्ने कम्तीमा तीस(३०) दिन अगावै बैठकको प्रस्ताव सहित मिति, समय, स्थान तोकी सार्वजनिक सूचना जारी गर्नुपर्नेछ। यसरी सूचना जारी हुँदाका बखत कायम रहेका सदस्यहरूले मात्र निर्वाचन प्रयोजनार्थ आफ्नो मताधिकार प्रयोग गर्न सक्ने हुनाले सक्रिय सदस्य तथा विगत तीन (३) आर्थिक वर्ष देखि निष्क्रीय रहेका र कुनै कारोबार नगरेका सदस्यहरूको सूची समेत सहकारी संस्थाले तयार गरी प्रकाशन गर्नुपर्नेछ।

१०. समयमै साधारण सभा सम्पन्न गर्न नसक्ने मनासिव माफिकको कारण परेमा पौष मसान्तभित्र थप तीन महिनाभित्र साधारण सभा गर्ने गरी प्रस्तावित मिति सहित पूर्व स्वीकृतिका लागि रजिष्ट्रार समक्ष निवेदन दिनुपर्नेछ। रजिष्ट्रारबाट स्वीकृति प्राप्त भएकोमा तोकिएको मितिमा साधारण सभा सम्पन्न गरी सो को प्रतिवेदन ३० दिनभित्र रजिष्ट्रारको कार्यालयमा पेश गर्नुका साथै साथै कोपोमिस (COPOMIS) प्रणालीमा समेत प्रविष्टि गर्नुपर्नेछ। यस बुँदामा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षको साधारण सभा अर्को आर्थिक वर्षमा गर्ने गरी स्वीकृति दिइने छैन।

११. प्रदेश सहकारी ऐन, २०७६ को दफा ३५ को उपदफा (२) बमोजिम संस्थाको वार्षिक साधारण सभा २०८३ पौष मसान्तभित्र **(आर्थिक वर्ष समाप्त भएको मितिले (६) महिनाभित्र)** अनिवार्य रूपमा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको बढीमा तीस (३०) दिन भित्र ऐनको दफा ५९ बमोजिम वार्षिक प्रतिवेदन यस कार्यालयमा अनिवार्य रूपमा पेश गरी संस्था अद्यावधिक गर्नुपर्नेछ। समय समयमा तोकिएका अन्य विवरणहरू समेत रजिष्ट्रारले तोकेको समयसीमा भित्र उपलब्ध गराउनुपर्नेछ। संस्था अद्यावधिक सम्बन्धी विवरण यस कार्यालयको वेबसाईट मार्फत नियमित रूपमा प्रकाशन गरिनेछ।

१२. समयमा सहकारी अद्यावधिकको लागि प्रतिवेदन पेश नगरेका तथा साधारण सभा नगरेका सहकारी संघ/संस्थाहरूलाई प्रदेश सहकारी ऐन,२०७६, प्रदेश सहकारी नियमावली, २०७६

प्रदिप राज पौडेल
रजिष्ट्रार

वेबसाईट: www.cor.bagamati.gov.np
इमेल: registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com

तथा प्रचलित कानून बमोजिमको प्रशासनिक दण्ड दस्तुर/जरिवाना लाग्ने छ। साथै संस्थाको कारोबार समेत रोक्का राख्न सकिने छ।

१३. साधारण सभाको प्रतिवेदन पेश गर्दा यस कार्यालयको वेबसाइट **cor.bagamati.gov.np** मा रहेको <u>सहकारी संघ/संस्थाहरूको आधारभुत विवरण फाराम-२०८३</u> डाउनलोड गरी विवरण पछिसम्म फरक नपर्ने गरी भरेर सञ्चालक समिति वा अधिकारिक व्यक्तिले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

१४. लगातार दुई (२) आर्थिक वर्षदेखि लेखापरीक्षण नगराउने, वार्षिक साधारण सभा नगर्ने र नियामक निकायमा समेत नियमित रूपमा विवरण नबुझाउने सहकारी संघ/संस्थाहरूलाई निष्क्रिय सहकारी संघ/संस्था मानी सो को विवरण प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले सार्वजनिक गर्न सक्नेछ र सो को कारोबार छानविन गर्ने प्रयोजनको लागि पूर्ण रूपमा बन्द गर्न सक्ने तथा प्रचलित कानून बमोजिम जरिवाना/दण्ड दस्तुर समेत गर्न सक्नेछ।

१५. साधारण सभामा बहुमत शेयर सदस्यहरूको उपस्थिति खुल्ने विवरण सहित सम्बन्धित शेयर सदस्यहरूबाट मात्र हस्ताक्षर गरी अभिलेख राख्नुपर्नेछ। साधारण सभाको निर्णय प्रमाणीकरण गर्न सञ्चालक समितिका सदस्यहरू सबैले र सो सदस्य संख्यामा कम्तिमा एक (१) जनाले बढी हुन आउने गरी अन्य कुनै समिति/उपसमितिमा नबसेका उपस्थित शेयर सदस्यहरू मध्येबाट चयन गरी संयुक्त रूपमा प्रत्येक पानाको शिर पुच्छरमा दस्तखत सहित प्रमाणीकरण गरिएको हुनुपर्नेछ।

ग. <u>विनियम संशोधन सम्बन्धी व्यवस्था</u>

१६. सहकारी संघ/संस्थाहरूले विनियम संशोधन गर्नुपरेमा सञ्चालक समितिको निर्णय र तीनमहले फाराम सहित सैद्धान्तिक स्वीकृतिका लागि रजिष्ट्रार समक्ष निवेदन पेश गर्नुपर्नेछ। रजिष्ट्रारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएकोमा वा कैफियत सहित फिर्ता प्राप्त भएकोमा त्यस्तो विषय समेत समावेश गरी विनियम संशोधन सम्बन्धमा साधारण सभाको बहुमतबाट गरिएको निर्णयको प्रतिलिपि, पुरानो विनियमको प्रतिलिपि र दुई प्रति तीनमहले फाराम सहित रजिष्ट्रार समक्ष अन्तिम स्वीकृतिका लागि पुनः पेश गर्नुपर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

वेबसाईट: www.cor.bagamati.gov.np
इमेल: registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com

१७. सहकारी संघ/संस्थाले स्वीकृत विनियममा उल्लेख भएको शेयर पूँजीभन्दा बढी शेयर रकम संकलन गर्न पाइनेछैन। स्वीकृत शेयर पूँजीभन्दा बढी शेयर रकम संकलन गर्नुपर्दा अनिवार्य रूपमा विनियम संशोधन मार्फत शेयर पूँजीको सीमा वृद्धि गरेर मात्र गर्नुपर्नेछ।

१८. संशोधन सहितको एकीकृत विनियमको लागि यस भन्दा अगाडी भएका संशोधन सहितको सक्कल विवरण समेत प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रदेश सहकारी नियमावली २०७६ को नियम ९ सँग सम्बन्धित अनुसूची-९ बमोजिमका विषयहरू (७९ बुँदाहरू) मात्र विनियममा उल्लेख गर्नुपर्नेछ। विनियमको पहिलो पानामा सहकारीको प्रारम्भिक जानकारी विवरण अनिवार्य रूपमा राख्नुपर्नेछ।

१९. माथिका बुँदाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि हाललाई अर्को निर्णय नभएसम्म सहकारी संघ/संस्थाहरूको कार्यक्षेत्र विस्तार, नाम परिवर्तन, विषय परिवर्तन,सहकारी विभाजन जस्ता कार्यहरू गरिने छैन तर बहुमत सदस्यबाट संस्था खारेजी तथा विघटन गर्ने सम्बन्धमा निर्णय भई आएको हकमा प्रचलित कानून बमोजिम खारेजी प्रक्रिया एवम् दायित्व फरफारक सम्बन्धी कार्य गर्न बाधा पर्ने छैन।

२०. दर्ता भएको मितिले तीन (३) आर्थिक वर्षसम्म कुनै कारोबार नगरेका, बचत तथा ऋणको मुख्य कारोबार गर्ने संघ/संस्थाहरूको हकमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा इजाजतपत्रको लागि आवेदन पेश नगरेका, दर्ता भई कागजी रूपमा मात्र सीमित रहेका र वार्षिक साधारण सभा सम्पन्न गरी यस कार्यालयमा विवरण पेश नगरेका सहकारी संघ/संस्थाहरूलाई निष्क्रीय संघ/संस्थाको सूचीमा राखी रजिष्ट्रारले सहकारी सम्बन्धी सबै प्रशासनिक सुविधा रोक्न सक्नेछ।

घ. सञ्चालक समिति सम्बन्धी व्यवस्था

२१. सहकारी संघ/संस्थाको सदस्यता सम्बन्धी व्यवस्था प्रदेश सहकारी ऐन, २०७६ को दफा (२६) बमोजिम हुनुपर्नेछ। सञ्चालक समितिको सदस्य संख्या सम्बन्धी व्यवस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणले तोके बमोजिम हुनेछ। साथै आफ्ना सम्पूर्ण सदस्य तथा बचतकर्ताहरूलाई अनिवार्य रूपमा शेयर प्रमाणपत्र जारी गर्नु पर्नेछ।

२२. पेशागत आधारमा गठन भई दर्ता भएका वा सरकारको अधिकांश शेयर स्वामित्व रहेका संस्था बाहेकका संस्थामा सरकारी कोषबाट नियमित रूपमा तलब, भत्ता, सुविधा लिने

प्रदिप राज पौडेल
रजिष्ट्रार

वेबसाईट: www.cor.bagamati.gov.np
इमेल: registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com

व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समिति वा कर्मचारीमा निर्वाचित हुन वा बहाल रहन सक्ने छैन। त्यस्तो पदमा बहाल रहेको भए तत्काल राजिनामा दिई यसबाट रिक्त हुने पदमा लोकतान्त्रिक प्रक्रियाबाट पूर्ति गर्नु पर्नेछ। साथै सो को जानकारी रजिष्ट्रारलाई अनिवार्य रूपमा गराउनुपर्नेछ।

२३.कानूनमा सञ्चालक समितिले गर्नुपर्ने भनी तोकिएको काम सञ्चालक समितिले र साधारण सभाले गर्नुपर्ने भनी तोकिएको काम साधारण सभाले नै निर्णय गर्नुपर्नेछ। एकले अर्काको कार्यक्षेत्रमा हस्तक्षेप गर्नु हुँदैन।

२४.एउटै संस्थामा सोही अवधिमा एकै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति वा अन्य उपसमिति वा कर्मचारीको पदमा समेत बहाल रहन पाईने छैन। सञ्चालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरूमा रहने सदस्यहरूले निर्वाचन भएको तीन (३) महिना भित्र सहकारी सम्बन्धी तालिम लिनुपर्नेछ।

२५.कुनै पनि व्यक्ति सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरीवेक्षण समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन सक्नेछैन। कुनै पनि सदस्य एकै अवधिमा एकभन्दा बढी संस्थाको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति वा अन्य उपसमिति वा कर्मचारीको पदमा बहाल रहन पाइने छैन।

२६.सञ्चालक समितिमा निर्वाचित हुनको लागि प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा कालोसूचीमा परेको भए फुकुवा भएको मितिले तीन (३) वर्ष पुरा भएको र योग्यता र अनुभव (फिट एण्ड प्रपर टेस्ट) सम्बन्धी मापदण्ड पालना गरेको हुनुपर्नेछ।

२७.सञ्चालकले आफ्नो पदको दुरूपयोग गरी कुनै प्रकारको व्यक्तिगत फाइदा हुने वा संस्थालाई हानि हुने क्रियाकलापहरूमा संलग्न हुनुहुँदैन।

२८.सञ्चालक समितिले नियमनकारी निकायले माग गरेको विवरण तोकिएको समयमा उपलब्ध गराउनुको साथै त्यस्तो निकायले जारी गरेको मापदण्ड/निर्देशनको पूर्ण पालना गर्नु/गराउनु पर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

२९.सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृत/प्रबन्धक/व्यवस्थापक र कर्मचारीहरूको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव, आचारसंहिता एवम् कार्यविवरण (TOR) सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्नेछ। कार्यकारी प्रमुख/संस्था प्रमुखको नियुक्ति तथा आचरण राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड अनुरूप हुनुपर्नेछ।

३०.सञ्चालक समितिका पदाधिकारी र कर्मचारीहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतीस (३५) दिनभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण तयार गरी संस्थामा पेश गर्नुपर्नेछ।

३१.लामो समय देखी बन्द भएका तर बचत रकम फिर्ता गर्ने दायित्व रहेका सहकारी संस्थाका बचतकर्ता/शेयर सदस्यहरूले सहकारी ऐन, २०७४ को दफा १३५क बमोजिम समिति गठन गर्न चाहेमा प्रचलित सहकारी कानून बमोजिम समिति गठन गरी बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि समिति गठन गर्न सक्ने र ६ महिना भित्र साधारण सभा सम्पन्न गरी विवरण पेश गर्नुपर्नेछ ।

ङ. कोषको व्यवस्था र उपयोग सम्बन्धी व्यवस्था

३२.प्रदेश सहकारी ऐन, २०७६ प्रदेश सहकारी नियमावली, २०७६ र सहकारी संघ/संस्थाको स्वीकृत विनियममा व्यवस्था भए बाहेकका कुनै पनि कोष खडा गरी रकम जम्मा गर्न पाईनेछैन। यस्तो प्रकारको कुनै कोष खडा गरी रकम जम्मा गरेको भए तत्काल जगेडा कोषमा सारी त्यस्ता कोष बन्द गर्नुपर्नेछ।

३३.सहकारी संघ/संस्थाहरूले कार्यालय भवन, जग्गा, गोदामघर, शित भण्डार लगायतका अचल सम्पत्ति खरिद गर्नुपर्ने भएमा संस्था विगत ३ वर्षदेखि निरन्तर खुद् नाफामा रहेको, सञ्चित नोक्सानी नरहेको र न्यूनतम पूँजीकोष कायम रहेको अवस्थामा साधारण सभाको बहुमतबाट निर्णय गराई सदस्यको बचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमबाट मात्र खरिद गर्नुपर्नेछ। यसरी खरिद गर्दा अनिवार्य रूपमा प्राथमिक पूँजीकोषको विश्लेषण गरी प्राथमिक पुंजी कोष र कुल बचत दायित्वको निर्धारित सीमाभित्र रही तत्काल कायम रहेको जगेडा कोषको बढीमा पचास (५०) प्रतिशत वा प्राथमिक पुंजी कोषको २५ प्रतिशत (जुन कम हुनछ सोही बराबर) हुन आउने रकम बराबरको जग्गा/भवन

प्रदिप राज पौडेल
रजिष्ट्रार

पारदर्शी र प्रतिस्पर्धात्मक रूपले खरिद/निर्माण गर्न सक्नेछ। सो को जानकारी ३० दिनभित्र प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा दिनुपर्नेछ। सम्पत्तिको मूल्यांकन गर्दा इजाजत प्राप्त मूल्यांकनकर्ताबाट मूल्यांकन गराउनुपर्नेछ।

३४. संस्थाले हरेक वर्ष सदस्यले गरेको तोकिए बमोजिमको वार्षिक कारोबारको आधारमा कानून बमोजिम संरक्षित पूँजी फिर्ता कोषबाट प्रचलित कानून बमोजिम सम्बन्धित सदस्यलाई अनिवार्य रूपमा रकम फिर्ता गर्नुपर्नेछ। संरक्षित पूँजी फिर्ता कोषको रकमलाई फिर्ता गर्दा शेयर लाभांशमा नजोडी कानून बमोजिम भिन्दाभिन्दै फिर्ता गर्नुपर्नेछ।

च. ब्याजदर, तरलता, ऋण प्रवाह तथा ऋण असुली सम्बन्धी व्यवस्था

३५. सहकारी संघ/संस्थाले प्रदान गर्ने सेवामा लाग्ने सेवा शुल्क, व्याज, हर्जाना, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरू लगायतका विषयहरू समावेश गरी अनिवार्य रूपमा संस्थाको वडापत्र सबैले देख्ने गरी राख्नुपर्नेछ।

३६. दश करोडभन्दा बढी वार्षिक कारोवार हुने संस्थाले यस्तो विवरण आफ्नो वेबसाइटमा समेत नियमित रूपमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्नेछ। वेबसाइट नभएका सहकारी संस्थाहरूले फेसबुक/ट्वीटर लगायतका सामाजिक सञ्जालका माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

३७. सहकारी संघ/संस्थाले कर्मचारी प्रशासन, बचत संकलन, ऋण लगानी तथा असुली लगायत आवश्यक कार्यविधि संस्थाको साधारण सभाबाट स्वीकृत गराई लागू गर्नुपर्नेछ।

३८. सहकारी संघ/संस्थाको तत्काल कायम रहेको प्राथमिक पूँजी कोषको १५ (पन्ध्र) प्रतिशत भन्दा बढी हुने गरी प्रति सदस्य ऋण प्रवाह गर्न पाईने छैन। यस प्रयोजनका लागि प्राथमिक पूँजी कोष भन्नाले शेयर पूँजी र जगेडा कोषलाई सम्झनुपर्नेछ।

३९. सहकारी संघ/संस्थाले ऋणी सदस्यको सम्पत्ति धितो राखी बैंक तथा वित्तीय संस्था र सहकारी बैंकबाट ऋण लिदा ऋणी सदस्यले संस्थाबाट लिन कबुल गरेको ऋण रकमभन्दा बढी ऋण लिन पाउने छैन। संस्थाको सञ्चालक समितिको सदस्यले आफ्नो स्वामित्वको सम्पत्ति धितो राखी आफू सम्बद्ध संस्थाको संस्थागत प्रयोजनका लागि लिईने ऋणलाई यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

प्रदिप राज पौडेल
रजिष्ट्रार

वेबसाईट: www.cor.bagamati.gov.np
इमेल: registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com

फोन : + ९७७ ०१ ५४५७०००
काठमाडौं उपत्यका
(सानेपा, ललितपुर), नेपाल

पत्र संख्या: २० /
चलानी नं.:

४०.सहकारी संघ/संस्थाहरूले तीन (३) लाख रुपैयाँ भन्दा बढीको ऋण लगानी गर्दा व्यक्तिगत/सामूहिक धन जमानी वा धितो लिएर मात्र गर्नुपर्नेछ।

४१.सहकारी संघ/संस्थाले व्याजदर निर्धारण गर्दा सहकारी विभागले तोकेको सन्दर्भ ब्याजदरभन्दा बढी नहुनेगरी कायम गर्नुपर्नेछ। बचत र ऋणको ब्याजदर बीचको अन्तर (स्प्रेडदर) ६ प्रतिशत भन्दा बढी नहुने गरी कायम गर्नुपर्नेछ। बचत र ऋणको ब्याजदर तथा सेवा शुल्क परिवर्तन भएमा सदस्यलाई उपयुक्त माध्यमबाट यथाशीघ्र जानकारी गराउनुपर्नेछ। सदस्यलाई ऋण प्रवाह गर्दा संस्थामा रहेको निजको खातामार्फत मात्र प्रवाह गर्नुपर्नेछ।

४२.सहकारी संघ/संस्थाले प्रवाह गरेको ऋणलाई किस्ता/व्याज भुक्तानी अवधिका आधारमा सक्रिय ऋण र निष्क्रिय ऋणको रूपमा वर्गीकरण गरी ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ। भाखा ननाघेको वा भाखा नाघी तीन महिना व्यतित नभएको र सदस्यहरूको बचतको सुरक्षणमा प्रवाह गरेको (असल) ऋणका लागि १ प्रतिशत, ३ देखि ६ महिनासम्म भाखा नाघेका (कमसल) ऋणका लागि २५ प्रतिशत, ६ देखि १२ महिनासम्म भाखा नाघेका (शंकास्पद) ऋणका लागि ५० प्रतिशत र १२ महिनाभन्दा बढी भाखा नाघेका (खराब) ऋणका लागि १०० प्रतिशत ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) गर्नुपर्नेछ। उल्लिखित व्यवस्था नगरी कृत्रिम रूपमा नाफा देखाई कुनै प्रकारको लाभांश वितरण गर्न पाईनेछैन। वितरण गरिएकोमा त्यस्तो रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी जगेडा कोषमा जम्मा गर्नुपर्नेछ।

४३.सहकारी संघ/संस्थाहरूले आफ्नो सम्पत्ति बिक्री तथा अन्य लगानी लगायतका पूँजीगत सम्पत्तिको बिक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्बन्धित आ.व.को नाफामा समावेश गरी वितरण/खर्च गरेको पाइएमा सञ्चालक समिति र खाता संचालन गर्ने अधिकारीबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा जम्मा गर्नुपर्नेछ।

४४.सहकारी संघ/संस्थाहरूले सबै समयमा तरलता (Liquidity) कुल बचतको कम्तीमा १५ प्रतिशत कायम राखुपर्नेछ। सहकारी संघ/संस्थाहरूले नियमित रूपमा तरलताको गणना गरी १५ प्रतिशत भन्दा कम तरलता रहेको अवस्थामा तत्काल सञ्चालक समितिको बैठकबाट तरलता व्यवस्थापनको उचित प्रबन्ध गर्नुपर्नेछ। तोकिए बमोजिमको तरलता व्यवस्था नगरी

प्रदिप राज पौडेल
रजिष्ट्रार

संस्थाले लाभांश वितरण गर्नुहुँदैन, सो गरेमा सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा दाखिला गर्नुपर्नेछ।

४५. सहकारी संघ/संस्थाले आफ्नो कार्यबोझ विश्लेषणको आधारमा साधारण सभाबाट कर्मचारीको दरबन्दी र कर्मचारी सम्बन्धी कार्यविधि स्वीकृत गरी कर्मचारी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ। स्वीकृत दरवन्दी बिना कर्मचारी राख्न पाइने छैन। कर्मचारीको बिदाको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी भर्ना गरी तलब भत्ता भुक्तानी गरेको पाइएमा त्यसरी भुक्तानी गरेको सम्पूर्ण रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी संस्थाको खातामा दाखिला गर्नुपर्नेछ। कर्मचारीको तलब/भत्ता भुक्तानी गर्दा अनिवार्य रूपमा बैङ्किङ प्रणालीमार्फत गर्नुपर्नेछ।

४६. सहकारी संघ/संस्थाले तोकिए बमोजिमको ढाँचामा वार्षिक साधारण सभा, विशेष साधारण सभा र सञ्चालक समिति, लेखा सुपरीवक्षण समिति, उपसमितिका बैठकहरूको छुट्टाछुट्टै निर्णय पुस्तिका, नगदी बही, सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था, संघ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब, शेयर दर्ता किताब, मालसामानको मौज्दात (स्टक) दर्ता किताब, ऋण लेनदेन दर्ता किताब, बेरुजु एवं सम्परीक्षण खाता, आम्दानी खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू, हिसाब परीक्षण सूची, आय-व्यय र स्थिति विवरण पत्र, समय समयमा रजिष्ट्रारले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू तयार गरी राख्नुपर्नेछ।

४७. सहकारी संघ/संस्थाहरूले वित्तीय कारोबार, सदस्यको विवरण, साधारण सभा, लेखा परीक्षण सम्बन्धी विवरण, मासिक, चैमासिक र वार्षिक विवरण तथा अन्य प्रतिवेदनहरू विभागमा रहेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS, www.copomis.gov.np) मार्फत प्रतिवेदन गर्नुपर्नेछ साथै नियामक निकायमा सो को प्रति प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

४८. सहकारी संघ/संस्थाले निश्चित रकमभन्दा माथिको ऋणको धितो मूल्याङ्कन गर्दा अनिवार्य रूपमा सूचीकृत धितो मूल्याङ्कनकर्ताबाट गराउनुपर्नेछ। धितो मूल्याङ्कन सम्बन्धमा शुल्क तथा मापदण्ड लगायतका विषयहरू समावेश गरी कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

वेबसाईट: www.cor.bagamati.gov.np
इमेल: registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com

फोन : + ९७७ ०१ ५४५७०००
काठमाडौं उपत्यका
(सानेपा, ललितपुर), नेपाल

पत्र संख्या: २० /
चलानी नं.:

४९.प्रचलित कानुनमा तोकिएको सीमा भन्दा बढी ऋण लगानी गरेमा, ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा, एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई ऋण दिएकामा, धितोको अस्वभाविक रूपमा बढी मुल्यांकन गरी ऋण लिए वा दिएमा कसूर गरेको मानिने हुँदा प्रदेश सहकारी ऐनमा उल्लेख भए बमोजिमका अन्य कसूरजन्य कार्य नगर्न, नगराउने तथा बिना धितो, पर्याप्त सुरक्षण नराखी ऋण लगानी नगर्ने साथै सहकारी संघ/संस्थाहरूले ऋण असुली प्रक्रिया प्रभावकारी रूपमा संचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

५०.विना धितो ऋण प्रवाह भएका सहकारी संघ/संस्थाहरूबाट ऋण असुली कार्यको लागि सहजीकरण सम्बन्धमा यस कार्यालयमा धेरै निवेदन प्राप्त भएको हुँदा, सो सम्बन्धमा सहकारी संस्थाले ऋणीलाई ऋण तिर्ने सम्बन्धमा पत्राचार गर्ने, राष्ट्रिय दैनिक पत्रिकामा ऋण तिर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने तथा सदस्यलाई जानकारी दिएर ऋण असुली गर्ने तर्फको कारवाही अगाडी बढाउनु पर्नेछ। यसरी संस्थाले प्रयास गर्दा समेत ऋण असुल हुन नसकेको, बचतकर्ताको बचत रकम फिर्ता गर्ने सम्बन्धमा यस कार्यालयमा सहकारी संस्था उपर उजुरी/निवेदन प्राप्त भएको र अदालतमा मुद्दा मामिला नभएको ऋणीको हकमा कार्यालयले तयार गरेको ऋणी सम्बन्धी सम्पूर्ण विवरण सहित यस कार्यालयमा सहजीकरणको लागि सम्पर्क गर्न सकिनेछ।

५१.बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरूले राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा यथाशीघ्र दर्ता इजाजत प्रमाण पत्र लिने व्यवस्था गर्नुपर्नेछ। संस्थाको विनियमको उद्देश्य र कार्यमा स्वीकृत गरिएका कार्य बाहेक अन्य कुनै पनि कार्य सम्बन्धित नियामक निकायबाट इजाजत नलिई गर्न पाईने छैन।

छ. सूचना प्रविधि प्रणाली सम्बन्धी व्यवस्था

५२.सफ्टवेयर प्रयोग गर्ने सहकारी संघ/संस्थाले आफ्ना काम कारवाही र कारोवार सम्बन्धी विवरण तया अभिलेखहरू अद्यावधिक गरी सफ्टवेयरमा सुरक्षित साथ राखुपर्नेछ। त्यस्तो विवरण नियमित रूपमा कोपोमिस प्रणालीमा समेत प्रतिवेदन गर्नुपर्नेछ। सफ्टवेयर प्रणाली सञ्चालन गर्दा सो को Database, Security साथै प्रयोगकर्ता सहितको विवरणको अनिवार्य रूपमा रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

५३.प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले बचतकर्ताको उजुरी गुनासो लिने तथा संस्था मार्फत अनलाइन सुनुवाई समेत गर्न मिल्ने गरी आफ्नै पोर्टल तयार गरी संचालनमा ल्याएको हुँदा, प्रदेश नियमनका सहकारी संस्थाले सो को लग-इन विवरणको लागि प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, प्रशासन तथा सहकारी प्रवर्द्धन शाखामा सम्पर्क गर्नुपर्नेछ।

ज. सम्पत्ति शुद्धीकरण निवारण, सदस्य पहिचान तथा प्रतिवेदन प्रणाली सम्बन्धी व्यवस्था

५४.वित्तीय कारोवार गर्ने सहकारी संघ/ संस्थाले प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, नियमावली र सहकारी विभागबाट जारी भएको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी निर्देशन, २०६४(संशोधनसहित) भएका व्यवस्थाहरू अनिवार्य रूपमा पूर्ण परिपालना गर्नु गराउनु पर्नेछ। वित्तीय कारोवार गर्ने संस्था/संघले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रूपमा अभिलेख राख्नु पर्नेछ।

५५.वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रूपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तीय कारोवार गर्ने सहकारी संस्था र संघले सञ्चालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकारी नियुक्ति गर्नु पर्नेछ।

५६.सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा सदस्यहरूको पहिचान गरी सदस्य पहिचान फाराम (KYM) भराउनुपर्नेछ।

५७.सहकारी संघ/संस्थाले अनिवार्य रूपमा नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाइको goAML Software System मा आबद्ध भई सीमा कारोवार प्रतिवेदन (TTR), शंकास्पद कारोबार प्रतिवेदन (STR) र शंकास्पद गतिविधि प्रतिवेदन (SAR) पठाउनु पर्नेछ।

५८.सहकारी संघ/संस्थाले संस्थागत जोखिमको पहिचान तथा मूल्यांकन गरी सो को प्रतिवेदन वार्षिक रूपमा रजिष्ट्रार समक्ष अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय

फोन : + ९७७ ०१ ५४५७०००
काठमाडौं उपत्यका
(सानेपा, ललितपुर), नेपाल

पत्र संख्या: २० /
चलानी नं.:

झ. <u>विविध :</u>

५९. सहकारी संघ/संस्थाले वासलात बाहिरको कारोबार (जस्तै प्रतीतपत्र, जमानत आदि) गर्न, अधिकविकर्ष ऋण दिन, व्यापार/व्यवसाय गर्ने नियतले मालसामानहरू खरिद बिक्री गर्न, व्यापारिक प्रयोजनको लागि चल अचल सम्पत्ति खरिद गर्न, सुन चाँदिको धितोमा ऋण प्रवाह गर्न, विदेशी मुद्राको कारोबार गर्न, रेमिटयान्स/ विप्रेषण सेवा, बीमा सेवा, चिट्ठा वा उपहार योजनाहरू सञ्चालन गर्न पाईने छैन।

६०. सहकारी संघ/संस्थाले सार्वजनिक रूपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर बिक्री, बचत संकलन र ऋण प्रवाह गर्न पाउने छैन। यस प्रतिकूल हुनेगरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

६१. बागमती प्रदेशको सहकारी हेर्ने विषयगत मन्त्रालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय र नेपाल राष्ट्र बैंकबाट विभिन्न मितिमा जारी गरिएको नियामकीय मापदण्ड तथा निर्देशनको कार्यान्वयन एवम् पालना सबै सहकारी संघ/संस्थाहरूले पूर्ण रूपमा गर्नु पर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

....
(प्रदिप राज पौडेल)
रजिष्ट्रार

मितिः २०८३/०४/२२

वेबसाईटः www.cor.bagamati.gov.np
इमेलः registrar.mocpa@bagamati.gov.np, registrarbagamati@gmail.com